# स्थानीय राजपत्र

## गल्छी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : २  सङ्ख्या : २  मिति : २०७५/०३/२५


### भाग : २

## आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७५

**प्रस्तावना:-** लोक कल्याणकारी राज्यको अवधारणा अनुसार आर्थिक रुपले विपन्न निरपेक्ष गरिबीको रेखामुनी रहेका, दीर्घ रोगी , हिंसा पीडित तथा बेचबिखनमा परेका, महिला, बालबालिका, बिपन्न, अति अशक्त अपाङ्ग र पूर्ण अपाङ्ग, बेवास्तामा परेका ज्येष्ठ नागरिक तथा प्रकोप पीडितको लागि आर्थिक सहायता दिन आर्थिक सहायता सम्बन्धी कार्यलाई व्यवस्थित बनाउन बाञ्छनीय भएकोले गल्छी गाउँकार्यापालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः-** (१) यो कार्यविधिको नाम "गल्छी गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

२. **परिभाषाः-** विषय प्रसंगले अर्को अर्थ नलागेमा

(क) "गाउँपालिका" भन्नाले गल्छी गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ख) "गाउँकार्यपालिका" भन्नाले गल्छी गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) "आर्थिक सहायता पाउन योग्य व्यक्ति" भन्नाले निरपेक्ष गरिबीको रेखामुनी रहेको भनी प्रमाणित भएका, मुटु, मृगौला, फोक्सो, कलजो जस्ता शरीरका महत्वपुर्ण अंगहरुका रोगी एवं क्यान्सर पीडित व्यक्तिहरु, घरेलु हिंसा, यौन हिंसाबाट आक्रान्त र पिडित एवं बेचबिखनमा परेका महिलाहरु, जोखिमपूर्ण श्रममा संलग्न भएको, हराएको वा वेवारिसे अवस्थामा फेला परेको, जबरजस्ती श्रमबाट पीडित भएको, शारिरीक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यवहारबाट पीडित, दुर्घटनामा परेको, प्राकृतिक प्रकोपमा परेको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्बन्धित रहेको कारणले बेवारिसे रहेको, यौन शोषण वा यौन

दुर्व्यवहार वा बेचबिखन वा ओसारपसारमा परेको, हिंसा पीडित, आमा बाबु वा संरक्षकबाट बञ्चित, अपाङ्गता भएको, सुस्त मनस्थिति भएको, अपहरण वा शरिर बन्धकमा परेको, सडक बालबालिका, एच आई भिएडसबाट संक्रमित बालबालिका, बेसहारा, वृद्धवृद्धा, गर्भवती महिला र प्रकोप (प्राकृतिक वा गैर प्राकृतिक) पीडित व्यक्ति सम्झनु पर्दछ ।

(घ) "न्यायिक समिति" भन्नाले गल्छी गाउँपालिका अन्तर्गतको न्यायिक समिति सम्झनु पर्दछ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाल्छी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(च) "गाउँपालिका प्रमुख" भन्नाले गल्छी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

## परिच्छेद – २

## आथिक सहायता सम्बन्धी कार्यविधि

**३. दीर्घरोगी तथा गम्भीर रोगी एवं रोग पीडितलाई सहायताः-**

(१) गम्भीर प्रकृतिका रोग लागेका तथा अन्य रोग पीडित आर्थिक सहायता पाउन योग्य व्यक्तिले आर्थिक सहायता प्राप्त गर्नको लागि आवश्यक कागजात सहित गाउँपालिकामा निवेदन दिन सक्नेछन् ।

स्पष्टिकरण "आवश्यक कागजात" भन्नाले आर्थिक रुपले विपन्न भनी अधिकार प्राप्त सरकारी निकायबाट प्रमाणित कागजात,

वडाध्यक्षको सिफारिश, अस्पतालको रिपोर्ट लगायतका कागजात बुझ्नु पर्दछ ।

(२) उपखण्ड (१) बमोजिम प्राप्त निवेदन माथि गाउँपालिकाले आर्थिक सहायता दिई आवश्यकता, औचित्य र माग बमोजिम निःशुल्क उपचारको लागि सिफारिस समेत गर्न सकिनेछ ।

(३) गल्छी गाउँपालिका भित्रका क्यान्सर, मृगौला सम्बन्धी रोग, मुटुको अपरेसन गर्नुपर्ने रोग, टाउकाको अपरेसन गर्नुपर्ने रोगबाट पीडित आर्थिक सहायता पाउन योग्य व्यक्तिलाई पर्याप्त प्रमाणका आधारमा वर्षमा एक पटकमा नबढाई प्रति व्यक्ति बीस हजार रुपैयाँ सम्म औषधि उपचार सहायता दिन सकिने छ ।

(४) बीस हजार रुपैयाँ भन्दा बढीको आर्थिक सहायताका हकमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

(५) अन्य विरामीलाई गल्छी गाउँपालिका भित्रको भए प्रति व्यक्ति दुई हजार रुपैयाँ सम्म र गल्छी गाउँपालिका बाहिरको भए प्रति व्यक्ति एक हजार रुपैयाँ सम्म औषधि उपचार सहायता दिन सकिने छ ।

४. **हिसां पीडित तथा बेचबिखनमा परेकालाई सहायताः-** (१) घरेलु हिंसा वा यौन हिंसाबाट पीडित एवंम् बेचबिखनमा परेका महिलाहरुको तत्काल उद्धार गरी जीवनयापनको लागि न्यायिक समितिको सिफारिसमा गाउँ कार्यपालिकाको निर्णयानुसार एक पटकमा दश हजार रुपैयाँसम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिमका पीडितलाई न्याय दिलाउने एवं पुनर्स्थापना गर्ने विषयमा न्यायिक समिति मार्फत आवश्यक पहल गरिनेछ ।

**५. आर्थिक रुपले बिपन्न र पीडित बालबालिकालाई सहायताः-**

(१) गल्छी गाउँपालिका भित्रका आर्थिक सहायता पाउन योग्य अति विपन्न व्यक्तिलाई सम्बन्धित वडाको सिफारिसमा वर्षमा एक पटकमा नबढाई प्रति व्यक्ति दुई हजार रुपैयाँ सम्म र गल्छी गाउँपालिका बाहिरको भए वर्षमा एक पटकमा नबढाई प्रति व्यक्ति एक हजार रुपैयाँ सम्म आर्थिक सहायता दिन सकिने छ । यसरी आर्थिक सहायता प्राप्त गर्नको लागि आर्थिक सहायता पाउन योग्य व्यक्तिले आवश्यक कागजात सहित गाउँपालिकामा निवेदन दिनु पर्नेछ ।

(२) गल्छी गाउँपालिका भित्रको आर्थिक कारणले जोखिमपूर्ण श्रममा संलग्न भएको वा बेवारिसे अवस्थामा फेला परेको वा जबरजस्ती श्रमबाट पीडित भएको, शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यवहारबाट पीडित, दुर्घटनामा परेको, प्राकृतिक प्रकोपमा परेको, बाबु वा आमा प्राकृतिक प्रकोपमा परेको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्बन्धित रहेको कारणले बेवारिसे रहेको, यौन शोषण वा यौन दुर्व्यवहार बेचबिखन वा ओसारपसारमा परेको, हिंसा पीडित आमा बाबु संरक्षकबाट बञ्चित, अपाङ्गता भएको, सुस्त मनस्थिति भएको, अपहरण वा शरिर बन्धकमा परेका सडक बालबालिका, एच. आई. भि. एड्सबाट संक्रमित बालबालिका भएमा तत्काल उद्धार गरी पालन पोषणको लागि सम्बन्धित वडाको सिफारिसमा गाउँ कार्यपालिकाको निर्णय अनुसार आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

६. **गर्भवती महिलालाई सहायता:-** (१) गल्छी गाउँपालिका भित्रका महिलालाई सुरक्षित सुत्केरी सेवा दिनको लागि स्वास्थ्य संस्थासम्म आवत जावतको लागि सम्बन्धित वडाको सिफारिसमा गाउँ कार्यपालिकाको निर्णय अनुसार पूर्ण वा आंशिक सहुलियतमा एम्बुलेन्स सेवा वा गाउँ कार्यपालिकाको निर्णय अनुसार आर्थिक सहायता दिन सकिनेछ ।

(२) उपखण्ड (१) बमोजिम सहायता पाउन गर्भवती महिला वा सुत्केरी आमाले आफै वा पति वा परिवारको कुनै सदस्य मार्फत तोकिएका कागजात सहित गाउँपालिकामा निवेदन दिन सक्नेछन् ।

७. **बेवास्तामा परेका ज्येष्ठ नागरिकलाई सहायता:-** सम्बन्धित वडाको सिफारिसमा गाउँ कार्यपालिकाको निर्णय अनुसार गल्छी गाउँपालिका भित्रका वेवास्तामा परेका ज्येष्ठ नागरिकलाई आर्थिक सहायता प्रदान गर्न र पुनर्स्थापनाको लागि पहल गर्न सकिनेछ । यसरी सहायता पाउन वेवास्तामा परेका ज्येष्ठ नागरिकले आफै वा छरछिमेकको व्यक्ति मार्फत तोकिएका कागजात सहित गाउँपालिकामा निवेदन दिन सक्नेछन् ।

८. **अति अशक्त अपाङ्ग र पूर्ण अशक्त अपाङ्गलाई सहायता:-**

(१) सम्बन्धित वडाको सिफारिसमा गाउँ कार्यपालिकाको निर्णय अनुसार गल्छी गाउँपालिका भित्रका आर्थिक रुपले विपन्न अशक्त अपाङ्ग र पूर्ण अशक्त अपाङ्गको जीविकोपार्जनको लागि आर्थिक सहायता प्रदान गर्न र पुनर्स्थापनाको लागि पहल गर्न सकिनेछ ।

(२) उपखण्ड (१) बमोजिम सहायता पाउन विपन्न अशक्त अपाङ्गले आफै वा परिवारको कुनै सदस्य मार्फत तोकिएका कागजात सहित गाउँपालिकामा निवेदन दिन सक्नेछन् ।

९. **प्रकोप पीडितलाई आर्थिक सहायताः-** गल्छी गाउँपालिका भित्रका प्रकोप पीडितलाई सम्बन्धित वडाको सिफारिसमा प्रकोप व्यवस्थापन कोषबाट देहाय बमोजिमको आर्थिक सहायता प्रदान गर्न सकिनेछ ।

क) आगलागी भई घर वा गोठ जली धनजनको क्षति भएमा वा बाढी पहिरोका कारण घर गोठ क्षति भएमा एक पटकका लागि प्रति घरधुरी बढीमा दश हजार रुपैयाँसम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

ख) आगलागी भई वा विद्युतीय दुर्घटनामा परी वा बाढी पहिरोका कारण मानवीय क्षति भएमा किरिया खर्च वापत एक पटकका लागि प्रति परिवार बढीमा पच्चिस हजार रुपैयाँसम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

## परिच्छेद - ३

## विविध

१०. **निवेदनको ढाँचाः-** खण्ड ३, ४, ५, ६, ७, ८ र ९ अनुसार सहायता पाउन अनुसूची- १ को ढाँचामा निवेदन दिनु पर्नेछ ।

११. **अधिकार प्रत्यायोजन गर्न सकिनेः-** यस कार्यविधि अनुसार आर्थिक सहायता सम्बन्धी निर्णयको अधिकार गाउँ कार्यपालिकाले

गाउँपालिका अध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृतलाई दिन सक्नेछ ।

१२. **आकस्मिक कोषः-** (१) यस कार्यविधि अनुसार आर्थिक सहायता दिने एंव प्राकृतिक र गैर प्राकृतिक प्रकोप पीडितलाई राहत, उद्धार तथा पुनर्स्थापना गर्ने र अन्य आकस्मिक कार्यमा प्रयोग गर्ने प्रयोजनको लागि एक आकस्मिक कोषको स्थापना गरिनेछ ।

(२) आकस्मिक कोषमा देहायको रकम जम्मा गरिनेछः-

(क) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकारबाट आकस्मिक कोषको लागि प्राप्त अनुदान,

(ख) सरकारी तथा गैर सरकारी संघसंस्थाबाट आकस्मिक कार्य (आर्थिक सहायता, प्रकोप पीडित राहत) को लागि प्राप्त सहयोग वा अनुदान,

(ग) आर्थिक सहायता, प्राकृतिक प्रकोप पीडितको उद्धार, राहत तथा पुनर्स्थापनाको लागि प्राप्त जुनसुकै रकम,

(३) कोषको संचालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(४) आकस्मिक कोष सम्बन्धी अन्य व्यवस्था गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

१३. **यसै कार्यविधि बमोजिम भएको मानिने:-** यस अघि गल्छी गाउँ कार्यपालिकाको कार्यालयबाट भए गरेका काम यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची - १
### (दफा १० सँग सम्बन्धित)

श्रीमान अध्यक्षज्यू/प्रमुख प्रशासकीय अधिकृतज्यू, मितिः-
गल्छी गाउँपालिका, बैरेनी धादिङ

**विषयः- आर्थिक सहायता उपलब्ध गराईदिन हुन ।**

महोदय,

प्रस्तुत विषयमा म/हामी ........................................... रोगले ग्रसित भएको/पीडित भएको/आर्थिक सहायता पाउन योग्य व्यक्ति भएको व्यहोरा अवगत गराउँदछु/गराउँदछौ । अत: कार्यालयको नियमानुसार आर्थिक सहायता उपलब्ध गराई दिनुहुन *र निशुःल्क उपचारको लागि सम्बधित निकायमा सिफारिस गरिदिनु हुन* तपसिलका कागजातहरु यसैसाथ संलग्न राखी यो निवेदन पेश गरेको छु/गरेका छौं ।

**तपसिल**

१. विपन्नताको सिफारिस तथा प्रमाणित प्रतिलिपि
२. नागरिकता/जन्मदर्ता/विवाहदर्ता/.........................को प्रतिलिपि
३. अस्पतालको रिपोर्ट
४. आबस्यक अनुसार प्रहरी प्रतिवेदन
५. अन्य

**निवेदक**

| क्र.सं. | नाम, थर | ठेगाना | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

आज्ञाले,
पुण्य बिक्रम पौडेल
प्रमुख प्रशासकीय अधिकृत

*गल्छी गाउँपालिका धादिङ्गको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७५*
*मूल्य रु. १०/-*